**Kaumodaki : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN : 2822 - 1567 (Print); ISSN : 2822 -1583 (Online)
Published by Research Management Cell, Shree Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

# *ऋतुविचार* काव्यमा प्रस्तुत अद्वैत चिन्तन

**बोधराज ढकाल**
Department of Nepali, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara, Nepal

***Article History :*** *Submitted 05 Nov. 2023; Reviewed 20 Nov. 2023; Accepted 03 Dec. 2023*
***Corresponding Author :*** *Bodha Raj Dhakal,* ***Email :*** *bodhrajdhakal026@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kdk.v4i1.64572*

*Copyright 2024 © the Author(s) and the Publisher*

**लेखसार**

*यस अनुसन्धानात्मक लेखमा प्रकृतिपरक काव्य 'ऋतुविचार'मा प्रस्तुत अद्वैत चिन्तनको विश्लेषण गरिएको छ । शङ्कराचार्यद्वारा प्रतिपादित अद्वैत वेदान्त दर्शनका मूल्यमान्यताहरू प्रकृतिपरक भाव अँगालेको ऋतुविचारका कतिपय सन्दर्भमा प्रस्तुत भएका छन् । काव्यमा अद्वैत चिन्तन कसरी प्रस्तुत गरिएको छ ? भन्ने समस्यालाई साङ्गपाङ्ग रूपमा निरूपण गरी पुष्टि गर्नु यस लेखको उद्देश्य रहेको छ । शङ्कराचार्यले अद्वैत वेदान्त दर्शनमा प्रस्तुत गरेको ब्रह्म सत्य हो; योभन्दा भिन्न केही छैन र ब्रह्मज्ञान विना मोक्ष प्राप्त गर्न सकिँदैन भन्ने चिन्तनलाई यस खण्डकाव्यमा प्रस्तुत गरेको निष्कर्ष दिइएको छ । काव्यमा जीवभावका कारण जीवले व्यावहारिक सत्ता जगत्लाई सत्य मान्दा जीवका व्यवहारहरू प्रभावित हुने देखाइएको छ । मायाका कारण भ्रमित भई क्षणिक आनन्दको पछि लाग्दा सांसारिक विषयमोहमा परेर जीव बन्धनमा पर्ने काव्यमा उल्लेख छ । योग र वेद वाक्यबाट प्राप्त भएको तत्त्वज्ञानबाटै ब्रह्मसाक्षात्कार हुने र जीवले मोक्ष प्राप्त गर्ने सन्दर्भ काव्यमा रहेको यस लेखमा निष्कर्ष दिइएको छ । पुस्तकालयीय कार्यका आधारमा प्राथमिक र द्वितीय स्रोतका सामग्री सङ्कलन गरी उद्देश्यमूलक नमुना छनौट पद्धतिलाई अवलम्बन गरेर 'ऋतुविचार' काव्यलाई चयन गरिएको छ । अद्वैत वेदान्त चिन्तनका मूलभूत मान्यताहरूलाई विश्लेषणको आधार मान्दै काव्यांशहरूको दृष्टान्तमार्फत निगमनात्मक एवम् व्याख्या विधिका माध्यमबाट काव्यमा प्रस्तुत अद्वैत चिन्तनको विश्लेषण गरिएको छ । यो अनुसन्धानात्मक लेख मूलतः एपिए पद्धतिमा आधारित छ । जीवभावका कारण जीवमा परेको प्रभाव र ब्रह्मज्ञानपछि प्राप्त हुने मोक्ष चिन्तनजस्ता अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित चिन्तनहरू यस काव्यमा प्रस्तुत भएको यस लेखमा स्पष्ट पारिएको छ ।*

**शब्दकुञ्जी :** पारमार्थिक, क्षणिकानन्द, निर्विशेष, विषयानुरागी, सत्याभास

## विषय परिचय

लेखनाथ पौड्याल (वि.सं.१९४१–२०२२) नेपाली कविताको माध्यमिककालीन समयमा उदाएका काव्यकार हुन् । विशेष गरी शृङ्गारिक भावका कविता लेखनमार्फत कवितायात्रा सुरु गरेका पौड्यालले समस्यापूर्ति कविता लेखनमा संलग्न हुँदै फुटकर कविताका अतिरिक्त खण्डकाव्य र नव्यकाव्य लेखेका छन् । नेपाली कविताको आधुनिक कालको जगमा उभिएर परिष्कारवादी धाराका केन्द्रीय कवि भई लेखनाथले आना काव्यमा नेपाली समाजका विविध पक्षलाई समेटेका छन् । समाजमा देखापरेका विभिन्न बेथिति र विकृतिहरूलाई काव्यमा प्रस्तुत

गर्दै पौड्यालले व्यङ्ग्यभाव समेत प्रकट गरेका छन् । नेपाली संस्कृति, परम्परा, प्रकृति एवम् स्वनिष्ट पहिचानसँग जोडिएका विषयप्रति गौरवभावसमेत प्रकट गर्दै लेखनाथले आदर्शवादी सभ्य समाज निर्माणमा जोड दिएका छन् । नैतिकता र मानवतावादलाई महत्त्व दिएका लेखनाथले सुसंस्कारयुक्त समाज निर्माणमा जोड दिएका छन् । प्रकृतिलाई मानवीकरण गर्दै काव्यकारले काव्यमा अलङ्कारको सफल संयोजन गरेका छन् । काव्यकारले काव्यमा वेदान्त दर्शनका मूल्यमान्यतालाई विशिष्ट रूपमा प्रस्तुत गरेका छन् । छन्द र अलङ्कारलाई भावानुकूल बनाएर काव्यमा प्रयोग गरेका छन् । परिष्कारपूर्ण भाव र भाषाशैलीको प्रयोग गर्दै काव्यकारले काव्यमा तत्सम, तत्भव र झर्रा नेपाली शब्दहरूको उत्कृष्ट रूपमा उपयोग गरेका छन् । आध्यात्मिक विचारलाई अँगाल्दै कविले काव्यमा वेदान्त चिन्तनका आदर्शलाई समेत प्रस्तुत गरेका छन् ।

## अध्ययनको समस्या

यस अध्ययनमा शङ्कराचार्यद्वारा प्रतिपादित अद्वैत वेदान्त चिन्तनका मूल्यमान्यताहरू प्रकृतिपरक भाव अँगालेको काव्य *ऋतुविचार*मा कसरी प्रस्तुत गरिएको छ ? भन्ने समस्यालाई अध्ययनको आधार बनाइएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनमा *ऋतुविचार* काव्यमा अद्वैत वेदान्त चिन्तनका मूल्यमान्यताहरू कसरी प्रस्तुत भएका छन् ? तिनीहरूलाई साङ्गपाङ्ग रूपमा निरूपण गरी पुष्टि गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## पूर्वकार्यको समीक्षा

लेखनाथ पौड्यालका काव्यकृतिहरू अध्ययनीय र अनुसन्धेय रहेका छन् । उनका काक्यकृतिहरूका सन्दर्भमा समालोचना, विश्लेषण, अध्ययन एवम् शोधकार्यहरू भएका छन् । उनको *ऋतुविचार* खण्डकाव्यको अद्वैत चिन्तनका सापेक्षतामा रहेर विस्तृत रूपमा अध्ययन, विश्लेषण एवम् अनुसन्धान नगरिएको भए पनि यस अध्ययनसँग सम्बन्धित देखिएका अध्ययन, विश्लेषण र अनुसन्धानात्मक कार्यहरूमध्ये केहीलाई यस अध्ययनका लागि पूर्वकार्यका रूपमा समावेश गरिएको छ ।

चूडानाथ भट्टरायले *तरुणतपसी* मीमांसा (२०१७) नामक पुस्तकमा लेखनाथलाई आफ्ना काव्यकृतिमा दर्शनको सफलतापूर्वक प्रयोग गर्ने प्रयोक्ता एवम् दार्शनिक भावनाले धुवाँएको लेखकीय मस्तिष्क भएका कविका रूपमा विश्लेषण गरेका छन् । लेखनाथमा आध्यात्मिक दर्शनको प्रभाव रहेको र आध्यात्मिक समाज निर्माणमा जोड दिँदै आना काव्यकृतिहरूमा भाव व्यक्त भएको उल्लेख गरेका छन् । यस पुस्तकमा लेखनाथीय काव्यपरम्परा, *तरुणतपसी*का विविध पक्षको विश्लेषण गदै आध्यात्मिक तथा दार्शनिक विचारबाट प्रेरित भई प्राकृतिक परिवेशलाई उतार्ने कविका रूपमा चित्रण गरिएको छ । वासुदेव त्रिपाठीले *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन* (२०३४) पुस्तकमा पौड्यालमा संस्कृत दर्शनग्रन्थको अध्ययनको प्रभाव परेको र आध्यात्मिक चिन्तनकै सापेक्षतामा काव्य सिर्जना गरेका कविका रूपमा व्याख्या गरेका छन् । यसमा दार्शनिक विचारबाट काव्य-कविताको रचना गरेका दार्शनिक कवि हुन् भनेर त्रिपाठीले विश्लेषण गरेका छन् । वेदान्त दर्शन(ब्रह्मसूत्र)का प्रधान विषयहरूका बारेमा चर्चा गरिएको हरिकृष्णदास गोयन्दका (२०५८)को *वेदान्त दर्शन (ब्रह्मसूत्र) (साधारणभाषाटीका सहित)* पुस्तकमा ब्रह्म, परब्रह्म, परमात्मा, ब्रह्मविद्या, ब्रह्मकारणवाद, वैशेषिक परमाणुवाद, बौद्धमत, जैनमत, जीव, जगत्, माया, ईश्वर, ब्रह्मलोकका सम्बन्धमा विस्तृत रूपमा व्याख्या गरिएको छ । नेपाल संस्कृत विश्वविद्यालयमा प्रस्तुत *ऋतुविचार खण्डकाव्यको अलङ्कारशास्त्रीय अध्ययन* (२०६०) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा नारायणप्रसाद

खनालले लेखनाथ पौड्यालको *ऋतुविचार* खण्डकाव्यको अलङ्कार शास्त्रीय दृष्टिकोणबाट विश्लेषण गरेका छन् । शोधप्रबन्धमा लेखनाथलाई आर्यसंस्कारको प्रबल चेतना भएका, नैतिक, धार्मिक, आध्यात्मिक दृष्टिकोणबाट विषयवस्तु चयन गरी कविता सिर्जना गर्ने कवि हुन् भनेर उल्लेख गरिएको छ । *अ क्रिटिकल सर्वे अफ इन्डियन फिलोसोफी* अङ्ग्रेजी भाषामा लेखिएको ग्रन्थको चन्द्रधर शर्माले भारतीय दर्शन आलोचना और अनुशीलन (सन् २०१०) पुस्तक हिन्दी भाषामा रूपान्तरित एवम् परिमार्जित गरिएको अनुसन्धानमूलक पुस्तक हो । यसमा वेद, उपनिषद्, भगवद्गीतालगायतका विभिन्न दर्शन र भारतीय दर्शनका विविध सम्प्रदायहरूको चर्चा गर्दै अद्वैत वेदान्त दर्शनका मूल्य, मान्यता र सिद्धान्तको विस्तृत रूपमा व्याख्या गरिएको छ । सर्वपल्लि राधाकृष्णन्को *भारतीय दर्शन भाग-२* (सन् २०१२) पुस्तकमा वैदिक षड्दर्शनको व्याख्या गर्दै शङ्करको अद्वैत वेदान्त दर्शन खण्डमा उपनिषद्, ब्रह्मसूत्र, जीव, जगत्, मायावाद, ब्रह्म, मोक्ष आदिका सन्दर्भमा व्यापक चर्चा गरिएको छ । स्वामी रामानन्द गिरि (२०७३)ले *ईशादि दश उपनिषद्* ग्रन्थमा विभिन्न उपनिषद्हरूको चर्चा गर्दै ब्रह्मको सत्ता, ब्रह्म र जगत्को सम्बन्ध, मोक्ष, माया, बन्धन, र जीवसम्बन्धी चिन्तन विस्तृत रूपमा व्याख्या गरेका छन् । गोपीकृष्ण गौतम (२०७६)ले *लेखनाथ पौड्यालका कवितामा वैदिक षड्दर्शन* विद्यावारिधि शोधप्रबन्धमा लेखनाथका कविताहरूमा वैदिक षड्दर्शनको प्रभाव परेको देखाउँदै वैदिक षड्दर्शनका मूल्य र मान्यताहरूको सैद्धान्तिक विश्लेषण गरेका छन् । राहुल सांकृत्यायन (सन् १९९२)ले *दर्शन दिग्दर्शन* पुस्तकमा युनानी दर्शन, इस्लामी दर्शन, युरोपीय दर्शन र भारतीय दर्शनका सन्दर्भमा विस्तृत रूपमा चर्चा गर्दै अद्वैत वेदान्त दर्शनका मान्यताहरूको सैद्धान्तिक निरूपण गरेका छन् । प्रस्तुत पूर्वकार्यहरूको अध्ययनबाट लेखनाथ पौड्यालमा रहेका काव्यप्रवृत्ति र पूर्वीय आध्यात्मिक दर्शनको प्रभाव स्पष्ट परेको पाइन्छ । साथै कतिपय पूर्वकार्यमा अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित चिन्तनको विस्तृत विश्लेषण गरिएको हुनाले यस अध्ययनका लागि यी पूर्वकार्यहरूलाई सैद्धान्तिक आधार निर्माण गर्न सहयोग पुऱ्याउने पूर्वकार्यका रूपमा लिन सकिन्छ । यी पूर्वकार्यहरूको अध्ययनबाट लेखनाथमा रहेको पूर्वीय दार्शनिक चिन्तन बुझ्न र काव्य सृजनामा पारेको प्रभाव बुझ्न सहयोग पुऱ्याउने देखिन्छ । तर लेखनाथका काव्यकृतिमा प्रस्तुत अद्वैत वेदान्त दर्शनको यथेष्ट अध्ययन र अनुसन्धान नभएको हुनाले यस अनुसन्धानात्मक लेखमा प्रस्तुत समस्याको निराकरण गर्न उल्लिखित पूर्वकार्यहरूको अध्ययनबाट सहयोग पुग्ने देखिन्छ ।

## अध्ययन विधि तथा प्रक्रिया

*'ऋतुविचार काव्यमा प्रस्तुत अद्वैत चिन्तन'* शीर्षकको यो अनुसन्धानात्मक लेख गुणात्मक प्रकृतिको छ । प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयीय कार्यमार्फत सङ्कलन गरिएको यस अध्ययनमा *ऋतुविचार* काव्यलाई उद्देश्यमूलक रूपमा छनौट गरी यस कृतिको शङ्कराचार्यको अद्वैत वेदान्त दर्शनका मूलभूत मान्यताहरूलाई विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ । यस अनुसन्धानात्मक लेखमा प्राप्त तथ्यहरूको विश्लेषण निगमनात्मक विधिमार्फत गरिएको छ । अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित चिन्तन एवम् भनाइ तथा *ऋतुविचार* काव्यमा प्रस्तुत भावलाई दृष्टान्तसहित उद्धृत गरी तथ्यहरूको पुष्ट्याइँसहित व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धानात्मक लेख एपिए ढाँचामा तयार गरिएको छ र सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्यहरूका आधारमा निष्कर्ष दिएर अध्ययनको औचित्य पुष्टि गरिएको छ । लेखनाथ पौड्यालको *ऋतुविचार* काव्यको रस, अलङ्कार आदिका आधारमा अध्ययन भए पनि अद्वैत वेदान्त दर्शनका सापेक्षतामा भने अध्ययन भएको छैन । त्यसैले यस अध्ययनमा काव्यमा प्रस्तुत अद्वैत वेदान्त चिन्तनका मूल्यमान्यताहरूको निरूपण गरी नवीन अध्ययनको पाटो पहिल्याउनु औचित्यपूर्ण देखिन्छ ।

## अध्ययनको सीमा

यस अनुसन्धानात्मक अध्ययन लेखनाथ पौड्यालको *ऋतुविचार* काव्यमा प्रस्तुत अद्वैत वेदान्त दर्शनका विशेष गरी ब्रह्मचिन्तनसँग सम्बन्धित अभिलक्षणहरू कसरी प्रस्तुत भएका छन् ? त्यसको विश्लेषणमा आधारित छ। यस लेखमा पूर्वीय आस्तिक दर्शनअन्तर्गत भाष्यकार शङ्करको अद्वैत वेदान्त दर्शनका मूलभूत मान्यताहरू जीव, जगत्, माया, बन्धन, ब्रह्म र मोक्षसँग सम्बन्धित चिन्तनहरू बाहेकका अन्य दार्शनिक मान्यताहरू र *ऋतुविचार* काव्य बाहेकका अन्य काव्यहरू यस अध्ययनका सीमा रहेका छन् ।

## अद्वैत वेदान्त दर्शन

वेदान्त शब्द वेद र अन्त शब्दहरूको संयोजनबाट बनेको हो । यसको यौगिक अर्थ वेदको अन्त भए पनि अन्त शब्दलाई सार वा निचोड भन्ने अर्थमा लिएको पाइन्छ । वेदको सार उपनिषद् र उपनिषद् नै वेदान्त हो भन्ने गरिएको पाइन्छ (सक्सेना, २०१२, पृ. ११८) । सुरुमा उपनिषद्लाई वेदान्त भनिए पनि उपनिषद्लाई आधार मानी जुन विचारको उद्भव भयो त्यो नै वेदान्त हो भन्ने बुझिन्छ । वेदान्त दर्शनलाई अध्यात्मको शिरोमणि दर्शनका रूपमा लिइन्छ (दशोरा, सन् २०११, पृ. २३८) । वेदस्य वेदानां वा अन्तः वेदान्तः अर्थात् वेदान्तलाई वेदको अन्तिम भाग वा शिरोभाग भनेर आचार्य शुक्लले उल्लेख गरेका छन् (शुक्ल, १९९३ , पृ. २३८) । वेदान्त दर्शनमा विशिष्टज्ञान हुन्छ । यसमा वेदको चरम सिद्धान्तको निदर्शन गरिएको छ (गोयन्दका, २०५८, पृ. ३) । वेदका अध्यात्मसँग सम्बन्धित विचारहरूलाई यसमा सूत्रबद्ध गरी प्रस्तुत गरिएको छ । वेदको चरम सिद्धान्त यो दर्शनका आधार *उपनिषद्, गीता* र *ब्रह्मसूत्र*मा व्यक्त दार्शनिक विचारहरू नै हुन् (द्विवेदी, २००७, पृ. ५६) र यस दर्शनका सम्पूर्ण विचारहरू यिनै (प्रस्थानत्रयी)बाट भएका छन् । ब्रह्ममा विश्वास गर्ने यो दर्शन ब्रह्मवादी दर्शन हो । वेदान्त दर्शनका विभिन्न सम्प्रदायहरूमध्ये अद्वैत वेदान्त दर्शन सबैभन्दा प्राचीन दर्शन हो । यसका प्रवर्तक जगत्गुरु शङ्कराचार्य रहेका छन् । शङ्कराचार्यद्वारा लेखिएको *ब्रह्मसूत्र*को टीका *शाङ्करभाष्य*मा औपनिषदीय चिन्तन प्रस्तुत गरिएको छ ।

भारतको केरलामा ईशाको ७८८ मा जन्मेका शङ्कराचार्यको अद्वैत वेदान्त दर्शन महत्त्वपूर्ण दर्शन हो । बढी तार्किक र प्रामाणिक मानिने यो दर्शन प्रस्थानत्रयीले प्रतिपादित गरेको र शङ्कराचार्यले पुनरुत्थापित गरेको वेदान्त दर्शनमा आधारित छ । 'ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापर :' (अन्जना, सन् २००६, पृं ५६) अर्थात् ब्रह्म नै सत्य हो, जगत् मिथ्या हो, जीव नै ब्रह्म हो र ब्रह्मबाट भिन्न छैन भन्ने यो दर्शनको सिद्धान्त नै हो । सबैको कारण ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या भनिएको छ । यसले अन्तिम सत्यका रूपमा ब्रह्ममात्र एक रहेको र संसारका सबै वस्तु असत्य मान्दै ब्रह्म मात्र सत्य मानेको हुनाले शङ्करको यो मतलाई अद्वैतवाद भनेर चिनिन्छ (सिंह एवम् सिंह, सन् २०१२, पृ.४६७) । ब्रह्मको मायासँग सम्पर्क भएपछि सम्पूर्ण जगत्को उत्पत्ति भएको भान हुने हो । जगत्को उत्पत्ति, स्थिति र लयको कारण ब्रह्म हो । समुद्रको पानीबाट तरङ्गहरू तरङ्गित हुँदा बेग्लै अस्तित्व भान भए जस्तै संसारको अस्तित्व भ्रमबाटै भएको हो । समुद्रको पानीभन्दा बाहेकका तरङ्गहरूको अस्तित्व नभएजस्तै ब्रह्मबाहेक अरूको पनि अस्तित्व छैन । ब्रह्ममा माया मिसिएपछि निर्गुण ब्रह्म ईश्वर हुन पुग्दा ईश्वर सृष्टिको कारण बनेको देखिएको हो । अद्वैत वेदान्त दर्शनमा ब्रह्मलाई नै ईश्वर मानेको पाइन्छ (सहाय, २०१४, पृ. ३७२) । तर ईश्वरका बारेमा अलग चर्चा भने गरेको पाइन्न । ब्रह्मलाई निराकार, निर्विशेष, व्यक्तित्वहीन, भेदशून्य, चित्, अनिर्वचनीय, आनन्दमय, सच्चिदानन्द, भेदरहित र निर्गुण छ तर शून्य छैन भनिएको छ । आत्मा नै

ब्रह्म र ब्रह्म नै आत्मा हो । यसमा जीव, जगत्, माया, बन्धन, अविद्या, सृष्टि, ब्रह्म र मोक्षजस्ता विषयमा गहन चर्चा गरिएको छ । अद्वैत वेदान्त दर्शनले ब्रह्म र जीव एउटै मानेको र यिनमा देखिने भेदलाई प्रतीति मानेको छ ।

जीवले आत्मालाई शरीरभन्दा भिन्न नमान्नुको कारण अविद्या हो । यसले गर्दा जीव दुःखमय भएको हो । जीवमा त्रिगुण रज, तम र सत्वगुण रहेका छन् (शर्मा, सन् २०१०, पृ. २५४) । जीव सांसारिक प्राणीका रूपमा शुभ अशुभ कर्म गर्ने र सुखदुःखको अनुभव गर्ने भोक्ता हो । अज्ञानका कारण जीवले सांसारिक बन्धनमा परेर दुःख पाएको हो । अज्ञानकै कारण देहरूपी देखिने जीव म वा हामीको रूपमा देखिएको हो र यसले शरीर धारण गर्ने, सांसारिक विषयवासनामा लिप्त हुने, अहङ्कार, राग, द्वेष, लोभ, मोह, ईर्ष्या, डाहा, घृणाजस्ता प्रवृत्तिबाट प्रेरित हुने, आफन्त र पराइको बोध हुने तत्त्व भनिएको छ । जीवले जन्म लिने, हुर्कने र कर्म गर्ने स्थललाई व्यावहारिक रूपमा जगत् भनिएको छ । ब्रह्मको विवर्त रूप नै जगत् हो । मायाले गर्दा जगत् वा विश्व भएको हो (अञ्जना, सन् २००६, पृ. ९७) । जादुगरले आना मायिक कलामार्फत जादु देखाएर विभिन्न दृश्य देखाउँदा दर्शकलाई भ्रम परेर जादुगरले देखाएको जादुगरी पैसालाई दर्शकले वास्तविक ठानेको हो । त्यस्तै मायाशक्तिले गर्दा जीवले जगत्लाई सत्य ठानेको हो । असत्य भए पनि व्यावहारिक रूपमा पुष्टि गर्न सकिने आधारहरू जगत्मा रहेका छन् । त्यसैले जगत्लाई आधाररहित भ्रम भन्न सकिन्न । माकुराले जालो बनाउँदै जान्छ र आफूमा खिच्दै पनि जाने गर्दछ । आफूमा नखिच्दासम्म जालोको अस्तित्व रहेजस्तै ब्रह्ममा एकाकार नहुँदासम्म जगत् सत्य देखिने हो । अज्ञानले प्राणी मोहमा पर्दछ (श्रीमद्भगवद्गीता, ५।१५।) (प्रभुपाद, सन् २०१६, पृ. २१२) । यही मोहले नै जगत्लाई प्राणीले सत्य ठानेको हो । व्यावहारिक जीवनमा भ्रम, जादू, छल भन्ने भए पनि दार्शनिक क्षेत्रमा यसलाई ब्रह्ममा आश्रित अनिर्वचनीय शक्ति भनिन्छ । बाह्य जगत्मा देखिने सृष्टि र दृष्टि सबै मायाकै उपज हुन् । स्थूल वा सूक्ष्म शरीरसहितको आत्मा जीव पनि मायाकै कारण भएको हो । माया भ्रान्ति हो र यो जगत् सृष्टिको कारण हो । ब्रह्मको भावरूप शक्ति माया हो । मायाको आवरण शक्तिले ज्ञानलाई बाहिरबाट ढाकिदिँदा प्राणीहरू भ्रममा पर्दछन् । मायाले जीवलाई ब्रह्मज्ञानबाट विमुख गराउँछ र द्वैतबोध गराई अहङ्कार, बन्धन र भ्रम सिर्जना गर्दछ । जुन कुराले जीवलाई स्वतन्त्र हुन दिँदैन; त्यो बन्धन हो । वेदान्त दर्शनले अविद्यालाई बन्धनको कारण मानेको छ । अज्ञानकै कारण जीव र ब्रह्म भिन्न लागेको हो । मायाकै कारण ब्रह्मको विवर्तस्वरूप जीव र जगत् भएर पनि त्यसलाई सत्य ठान्नु र देहलाई आत्मा मान्नु बन्धन हो । बन्धन अवस्थामा सुखदुःखका अनुभूति हुन्छन् । जीवभावले ग्रस्त तुच्छ बुद्धि भएका कृपण व्यक्तिहरू आनो कर्मको फल भोग्न चाहन्छन्; जसले गर्दा भवबन्धनमा पर्दछन् (प्रभुपाद, सन् २०१६, पृ. १०४) । जीवमा उत्पन्न अपनत्व भाव नै बन्धन हो । सम्पत्तिप्रतिको मोह बन्धन हो । सांसारिक कुराप्रतिको मोह नै बन्धन, भौतिक सुखप्रतिको आकर्षण र जीवको देहाभिमानी अवस्था नै बन्धन हो । मोक्षलाई आत्मज्ञान, तत्त्वज्ञान र ब्रह्मज्ञान पनि भनिएको छ । ब्रह्म वा आत्माको वास्तविक स्वरूप जान्नु नै मोक्ष हो (गिरि, २०५५, पृ. १४६) । भेदबुद्धिको अन्त्य ब्रह्मज्ञानले गर्दछ र मोक्ष प्राप्ति हुन्छ ।

आत्मासाक्षात्कारबाट ब्रह्मज्ञान प्राप्ति हुन्छ । अद्वैत वेदान्त दर्शनले मानिसलाई बन्धनबाट मुक्ति पाउनका लागि ब्रह्मज्ञान प्राप्त गर्नुपर्ने कुरालाई आवश्यक ठानेको छ । ब्रह्मविद्याबाट ब्रह्मज्ञान हुने र ब्रह्मज्ञानबाट मात्र परब्रह्म साक्षात्कार वा ब्रह्म प्राप्ति हुने विश्वास अद्वैत वेदान्तको रहेको देखिन्छ । सबै प्रकारका बन्धनबाट मुक्ति पाउनु नै मोक्ष हो (ब्रह्मसूत्रः ४।४।२) (स्वामी, सन् २००३, पृ. १०५७) छ । मोक्षप्राप्तिका लागि साधनचतुष्ट्यका अतिरिक्त श्रवण, मनन र निदिध्यासनलाई पनि आवश्यक मानेको पाइन्छ (सक्सेना, २०१२, पृ. १३८-१३९) । अद्वैत वेदान्त दर्शनले विभिन्न प्रकारका बन्धनबाट मुक्त भई अविद्याको पूर्ण अभावको अवस्थालाई मोक्ष मानेको छ (राधाकृष्णन्,

भाग-२, सन् २०१२, पृ. ५५७) । अद्वैत वेदान्त दर्शनले पानी भरिएको प्रत्येक घडामा जसरी सूर्यको प्रकाश प्रतिबिम्बन हुन्छ, त्यसै गरी ब्रह्म पनि विभिन्न जीवको आत्माका रूपमा प्रकट हुन्छ भन्ने मान्यता राखेको देखिन्छ।

यस अध्ययनमा ऋतुविचार खण्डकाव्यको विश्लेषणको सैद्धान्तिक आधार यसै अद्वैत वेदान्त दर्शनका मूलभूत मान्यताहरू (जीव र जगत्, माया र बन्धन तथा मोक्ष र ब्रह्म)का सापेक्षतामा रहेका काव्यमा प्रस्तुत विचारहरूलाई मानिएको छ ।

## *ऋतुविचार* काव्यमा प्रस्तुत अद्वैत वेदान्त चिन्तन

वि.सं. १९९१ सालमा प्रकाशित खण्डकाव्य *ऋतुविचार* माधवी पत्रिकामा ४८ श्लोकको वि.सं. १९६५/०६६ मा प्रकाशित वर्षाविचारको विस्तारित रूप ६०६ श्लोकको काव्य हो । नेपाली काव्यलेखन परम्परामा परिष्कारवादी धाराको प्रतिनिधिमूलक एवम् उत्कृष्ट यस खण्डकाव्यमा छ ओटा ऋतुमा पाइने प्रकृतिको चित्रण गरिएको छ । वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर ऋतुमा जेजस्तो प्रकृतिको स्वरूप देखिन्छ त्यसको मानवीकरण गरेर काव्यमा प्रस्तुत गरिएको छ । प्रकृतिका विविध रूपलाई आख्यान बनाएर हरेक ऋतुहरूमा प्रकृतिमा देखिने परिवर्तनले प्राणीहरूमा पर्ने प्रभावलाई समेत चित्रण गरिएको छ। काव्यको वसन्त विचारमा कविले चैत र वैशाख महिनामा प्रकृतिलाई विशिष्ट सौन्दर्यको आभा पस्कने ऋतुराज वसन्त भनेर उल्लेख गरेका छन् । काव्यको दोस्रो ग्रीष्म विचारमा ग्रीष्म ऋतुको आगमनसँगै चर्को घामले रनवन, लतावृक्ष जताततै रहेको वासन्ती शोभालाई मन्द बनाउँदै गएको उल्लेख गरिएको छ । विचार वर्षा विचारमा ग्रीष्मको तापलाई वर्षाको पानीले सेलाएर आम जीवनलाई आनन्द दिएको र कृषकहरूलाई कर्मपथमा लाग्न अनुकूल वातावरण बनाएको सन्दर्भ यस विचारमा प्रकट गरिएको छ । शरद् विचारमा असोज र कार्तिक महिनाको प्रकृति र जीवनको स्वरूपको सुन्दर चित्रण गरिएको छ। हेमन्त विचारमा मंसिर र पुस महिनाको प्रकृतिको कठ्याङ्ग्रिदो परिवेश, जीवजन्तु जाडोले कामेका, सारा जगत् हिमपात, तुषारो, ठण्डा र सिमसिमे झरीले आक्रान्त बनेर जनजीवनलाई प्रभावित पारेको परिवेशको वर्णन गरिएको छ । काव्यमा कविले शिशिर विचारमा शिशिरलाई हेमन्तकै भाइका रूपमा प्रस्तुत गर्दै कविले अत्यन्तै चिसो बतास चलेको, सिरेटोले जताततै हैरानी पारेको, मानिसका हातखुट्टा र ओठ चरचरी चिरिएका तथा जनजीवन चिसोले हैरानी सहन बाध्य भएको सन्दर्भ पस्तुत गरिएको छ। अति सूक्ष्म आख्यान प्रस्तुत गरिएको यो काव्य प्रकृतिपरक काव्य भएर पनि अद्वैत वेदान्त दर्शनसँग सान्दर्भिक बनेका केही प्रसङ्गहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

मायाले जीव-जगत्-प्रपञ्च प्रतीत गराउने काम गर्दछ। यसलाई अविद्या, अज्ञान, अध्यास, विवर्त, भ्रान्ति आदिका रूपमा लिइन्छ (शर्मा, सन् २०१०, पृ. २३९) । यसले गर्दा जीव विषयानुरागी बन्दछ । जगत्को कर्तृत्व र भोक्तृत्व जीवले गर्दछ । जगत्मा कर्म गर्ने र स्वयं सुखदुःखको अनुभव गर्ने नै जीव हो । जीवले जगत्मा कर्मफल भोक्ताका रूपमा आफूलाई लिने गर्दछ । जीव सांसारिकतालाई विशेष महत्त्व दिएर यसैमा रमाउँछ र यसकै पछि पर्दछ। जगत्मा जीवका सांसारिकतामा रमाएका व्यावहारिक क्रियालाई यस काव्यमा यसरी प्रस्तुत गरिएको छ :

**माथमा जमरा माथी जमाई गुण-केशरी ।**
**नरनारी जमेका छन् विजयानन्दमा परी ॥** (श्लोक ९६, पृ. ५३ )

जीवमा जीवभाव उत्पन्न गराउने अविद्याले जीवलाई दैहिक सुखप्रति मोहित गराउँछ। जीवले दैहिक सुखलाई मात्र महत्त्व दिनुको कारण अविद्या नै हो। सांसारिक विषयसुखका पछि लागेर जीवनलाई पूर्णानन्द दिन सकिन्छ भन्ने भ्रम

जीवमा रहेको हुन्छ । जीवका लागि यही जगत् र यसमा रहेका यावत् भौतिक विषयहरू नै सर्वस्व हुन् । जीवले खान, लाउन, घुमफिर गर्न र मोजमस्ती गर्न मात्र रुचाउनुको कारण नै उसमा आत्मज्ञान नहुनु हो । लौकिक जीवनलाई शाश्वत मानी यसैमा दैहिक अनुभूतिका आधारमा दुःख र सुखको स्वरूप निर्धारण गर्नु नै जीवमा रहेको भ्रान्ति हो । क्षणभङ्गुर जीवनका लागि संसारमा विचरण गरेर भौतिक सुखसुविधामार्फत आफूमा आनन्द ल्याउन खोज्नु र यसमा विश्वास गर्नु जीवभाव हो ।

शरद् ऋतुकालमा मानिसहरू जुन विषयमा केन्द्रित भएर रमाएका छन्, त्यो उनीहरूको सांसारिक जीवनको व्यावहारिक स्वरूप हो । भ्रमित विश्वास हो । अज्ञानी जीवले संसारलाई उपभोग गर्न खोज्दछ र यसबाटै सुख मिल्दछ भन्ने विश्वास गर्दछ । यहाँ मानिसहरूले माथमा टीका लगाएका छन्, जमरा सिउरेका छन् र उमङ्गका साथ हर्षित भई विजयोल्लास मनाएका छन् । दैहिक सुख र शृङ्गारादि क्षणिक हुन् । भौतिक सुखप्रतिको मोह अज्ञान हो । जुन देह नाशवान् छ, त्यसको क्षणिक उमङ्गको कुनै अर्थ छैन तापनि जीवले यसैमा विश्वास गर्दछ र यसलाई नै परमसुख मान्दछ । आत्मिक सुख विना पूर्ण सुख प्राप्त हुँदैन भन्ने बोध नभएसम्म जीव यसरी नै भौतिक विषयका यस्तैयस्तै कुराका पछि मरिहत्ते गरी लागिरहन्छ ।

माया त्यस्तो भ्रमज्ञान हो, जसले ब्रह्मलाई पर्दाले ढाकेर जीव र जगत्को अस्तित्वलाई सत्य सावित गर्न भ्रम छर्दछ । जीवलाई सत्यबाट विमुख गराई असत्यलाई सत्याभास गराउने काम मायाले गर्दछ । मायाले जीवमा इच्छा, सुख, दुःख, मोह, ममत्व, अहङ्कार आदि भाव उत्पन्न गराउन विशेष भूमिका खेल्दछ (गिरि, २०५५, पृ. १३१) । सांसारिक विषयप्रतिको लगावको कारण पनि माया हो । विषयभोगको प्रकृतिअनुसार जीवमा सुख, दुःख, आनन्द आदिको भाव उत्पन्न हुनुको कारण माया हो । भौतिक विषयप्रतिको मोह एवम् त्यसको प्राप्ति र अप्राप्तिको परिणामबाट सृजित अनुभूतिले जीव बन्धनमा पर्दछ । जीवले सांसारिक विषयको क्षणिकतालाई शाश्वत सुख र दुःखका रूपमा लिनु बन्धन हो । अज्ञानले गर्दा जीव यसरी सांसारिक विषयप्रति लोभ राख्दछ र त्यसैको परिणतिमा आफूलाई सुखी र दुःखी देख्दछ । मायाले गर्दा जीव कसरी भ्रममा बाँच्दछ र बन्धनमा पर्दछ भन्ने कुरालाइ काव्यमा यसरी प्रस्तुत गरिएको छ :

**क्षणिकानन्दमा लुब्ध जीव भौँ मोहजालमा ।**
**जलमा मग्न भै गोता लिन्छन् रसिक हालमा ॥** (श्लोक ८६, पृ. २४)

वास्तविक आनन्द ब्रह्मबोधको अवस्थामा मात्र हुन्छ । मायाले जीवलाई यस कुराबाट विमुख गराउँदा जीव अपारमार्थिक विषयलाई नै सत्य मान्न पुग्दछ । ब्रह्म आनन्दस्वरूप हुँदाहुँदै जीवलाई मायाले यसबाट विमुख गराउँदा उसलाई भ्रमित पारेर सांसारिकताको अवास्तविक सुखमा रुमल्याइदिने गर्दछ । जीवमा मोहभाव उत्पन्न गराएर यसैको जालमा पारी सांसारिकताभित्र बन्धित गराउने काम मायाले गर्दछ । प्रस्तुत श्लोकमा कविले जीव क्षणिक कुरामा मोह राखेर जालमा पर्दछ भनेका छन् । मोहजाल भनेकै बन्धन हो । मोहको कारण माया हो भने त्यसैप्रति आसक्त भई सम्पूर्ण सुख नै त्यही हो भन्ने ठान्नु अज्ञान हो र यही दुःखको कारण हो । सांसारिक विषयप्रतिको लुब्धता भनेको जीवमा मायाले गर्दा उत्पन्न भएको मोहभाव हो । मायाले जीवलाई यस्तै-यस्तै सांसारिक विषयप्रति आकर्षित गराइदिन्छ र त्यसैको वरिपरि जीवलाई भुलाइदिन्छ । अवास्तविक कुरालाई वास्तविक तुल्याउने क्षमता मायामा हुन्छ र अज्ञानले गर्दा जीवले वास्तविकता थाहा नपाउँदा त्यसैको भ्रममा परी सत्यबाट विमुख भइरहन्छ । सत्यबाट विमुख हुनु भनेको भ्रमको सिकार हुनु हो । सांसारिक विषयप्रतिको आकर्षण भनेको दैहिक आकर्षण हो । यो रसिक र रसमय देहानुभूतिको विषय मात्र हो । जुन कुरालाई अज्ञानी जीवले सम्पूर्ण

सुख मानेको छ, त्यो पारमार्थिक रूपमा नाशवान् एवम् क्षणिक छ भन्ने कुरा उसले थाहा पाउँदैन । तत्त्वज्ञान विना जीवले सत्य कुराको बोध गर्न सक्दैन ।

अद्वैत वेदान्त दर्शनमा ब्रह्मलाई जान्ने वा चिन्ने विषयलाई महत्त्व दिइएको छ । अविद्याबाट घेरिएको जीवले यसलाई चिन्न सक्दैन । साधनचतुष्टय (विवेक, कामनावृत्ति आदि त्याग, शम दमादि साधनयुक्त र मोक्षप्राप्तिका निम्ति दृढ सङ्कल्प), श्रवण, मनन र निदिध्यासनका माध्यमबाट तत्त्वबोध भएपछि मोक्ष प्राप्त हुन्छ भनिएको छ । ब्रह्मविद्या नै मोक्ष प्राप्तिको आधार हो । आनन्दमयोद्रभ्यासात् (स्वामी श्रीहनुमानदासजी, सन् २००३, पृ. ९५) । ब्रह्म आनन्द स्वरूप छ । ब्रह्मज्ञानपछि ब्रह्मानन्द अनुभूत हुन्छ । ब्रह्मबोध ज्ञानजन्य अनुभव हो जुन सुन्दर एवम् आनन्ददायक हुन्छ । ब्रह्मज्ञान नै दिव्यज्ञान हो जो प्रकाशमय छ । तत्त्वज्ञानबाटै ब्रह्मज्ञान पहिचान हुन्छ र ब्रह्म चिन्न सकिन्छ । काव्यमा यही दिव्य सौन्दर्य स्वरूप ब्रह्मज्ञानको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

**पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भै ।**
**फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै ॥** (श्लोक ३२, पृ. ५)

कविले यस श्लोकमा जगत्ले व्यावहारिक रूपमा साक्ष्य मानेको कुरालाई सङ्केत गर्दै पारमार्थिक सत्यलाई स्पष्ट रूपमा प्रस्तुत गरेका छन् । जगतानुभूतिले देखाएको सत्यभन्दा परको सत्य ब्रह्मलाई यहाँ कविले उल्लेख गरेका छन् । ईशादि नौ उपनिषद्मा समावेश मुण्डकोपनिषद्मा ब्रह्मलाई यो संसार र सबै प्राणीको केन्द्रभूत आत्मा भनिएको छ (ईशादि नौ उपनिषद्, २०७०, पृ. ४८७) । यही सर्वव्यापक र स्वप्रकाश ब्रह्मलाई पृथ्वीको दिव्यसौन्दर्यका रूपमा चित्रण गरिएको छ । जुन ज्ञानले परमानन्द दिन्छ, त्यो आफै मनोरम एवम् सुन्दर हुन्छ । परमानन्द त्यो अवस्थामा प्राप्त ह्नुन्छ, जब ब्रह्मबोध हुन्छ । त्यही ब्रह्मबोध अवस्था नै मोक्ष हो । यही मोक्षावस्था भनेको सम्पूर्ण बन्धनबाट मुक्ति एवम् दिव्यानन्द हो । कविले यही तत्त्वबोध यस श्लोकमार्फत गराएका छन् । कविले यस दिव्य सौन्दर्यरूपी ब्रह्मलाई पुष्परसका रूपमा प्रकट भएको उल्लेख गरेका छन् । ब्रह्मज्ञान पुष्परस हो । पुष्परस सुप्रिय हुन्छ । निवृत्त अवस्थामा मात्र आनन्द प्राप्ति हुन्छ । ब्रह्म साक्षात्कार नै निवृत्ति हो । आत्मज्ञान नै मोक्ष हो । मोक्षावस्थामा नै सुखानुभूति हुन्छ । पृथ्वीको दिव्य सौन्दर्य नै यही हो भन्दै काव्यमा तत्त्वचिन्तन प्रस्तुत गरिएको छ । पुष्परस रूपी ब्रह्मज्ञान नै परमानन्दको आधार हो भन्दै कविले यसलाई दिव्य सौन्दर्यको संज्ञा दिएका छन् ।

ब्रह्मज्ञान भनेको स्फटिकजस्तै कञ्चन ज्ञान हो । यसले जीवमा रहेका यावत् मयल भावलाई पखालेर स्फटिकतुल्य बनाइदिन्छ । जीवमा देखिने दैहिक एवम् सांसारिक विषयप्रतिको मोहको कारण अविद्या हो । अज्ञानी जीवमा सुविचार रहँदैन । तत्त्वज्ञान विना मान्छे सुखी हुन सक्दैन । अविद्याले गर्दा जुन कुरालाई उसले सुखको आधार मानेर त्यसैको पछि लागे पनि ऊ सन्तुष्ट हुन सक्दैन । भौतिक सुखसुविधा भनेका क्षणभङ्गुर हुन् । जीवले मोक्ष प्राप्त गर्नका लागि उसले तत्त्वबोध गर्नुपर्दछ । सांसारिक विषयले जीवलाई मुक्ति दिलाउँदैन । तत्त्वज्ञान नै यस्तो कञ्चन ज्ञान हो; जसले मान्छेभित्र रहेका हरेक प्रकारका मयललाई पखालिदिन्छ । अज्ञान निवृत्त नभएसम्म जीवले मोक्ष प्राप्त गर्न सक्दैन (सिंह, सन् १९९६, पृ. ५५५) । आत्मज्ञान यस्तो कुरा हो जसले जीवमा रहेका हरेक प्रकारका खराबीलाई हटाइदिन्छ । ब्रह्मबोध नभै जीवले सुखानन्द एवम् तत्त्वज्ञान प्राप्त गर्न सक्दैन र कविले तत्त्वज्ञान प्राप्त गर्ने आधारका रूपमा रहेका वेद र योगीका दृष्टान्त दिएर काव्यमा ब्रह्म चिन्तनको महत्त्वलाई प्रस्तुत गरिएको छ :

**योगीको मन झैँ पानी, बाटो वेदपथै सरी ।**
**शुद्ध देखिन्छ सम्पूर्ण शरत्का सङ्गले गरी ॥** (श्लोक १००, पृ. ५३)

काव्यमा योगी र वेदको सन्दर्भ आउनु भनेको मोक्ष र ब्रह्मसम्बन्धी चिन्तन प्रस्तुत हुनु हो । वेद वेदान्त दर्शनको आधार स्रोत हो । तत्त्वज्ञानी भनेका योगी पनि हुन् । योगीमा रहेको मनलाई कञ्चनतुल्य देख्नु भनेको ब्रह्मज्ञानको विशिष्टता हो । ब्रह्मज्ञानीहरू मानसिक र शारीरिक रूपमा स्पटिकजस्तै शुद्ध र कञ्चन हुन्छन् । उनीहरूका विचारले जीवलाई सही दिशानिर्देश गर्दछ । जसरी वेदले दिशानिर्देश गरेको छ; त्यसरी नै योगीको सत्संगले पनि गर्दछ भनिएको छ। तत्त्वज्ञान यस्तो ज्ञान हो; जसले हरेक जीवमा रहेको अज्ञानको मयललाई पखालिदिन्छ। जीवमा रहेको अज्ञानको मयल पखालिनु भनेको आत्मज्ञान प्राप्त गर्नु हो । यही आत्मज्ञानले जीवलाई पारमार्थिक सत्यबोध गराउँछ र मोक्ष प्रदान गर्दछ। योगी र वेदको मूल्य दर्शाएर कविले अद्वैत वेदान्त दर्शनले अंगालेको मोक्ष र ब्रह्मसम्बन्धी चिन्तनलाई काव्यमा महत्त्व दिएका छन् । मोक्षका लागि मृत्यु होइन आत्मज्ञान चाहिन्छ । आत्मज्ञानी योगीहरू सशरीर नै मोक्षमा रहन्छन् । उनीहरूले ब्रह्मज्ञान हासिल गरी मोक्ष प्राप्त गरेका छन् । शरद्ऋतुमा जसरी प्रकृति सुन्दर र सफा देखिन्छ, त्यसैगरी योगी र वेदको प्रभावले जीव माया र बन्धनको खेलबाट मुक्त भई ब्रह्मबोध गरी आनन्द प्राप्त गर्दछ भन्ने अद्वैत चिन्तन यस काव्यमा प्रस्तुत गरिएको छ । जीवका लागि चाहिने मूल कुरा भनेकै यही आत्मज्ञान वा ब्रह्मज्ञान हो । यसले मात्र जीवलाई मुक्ति प्रदान गर्दछ भन्ने आशय यस श्लोकमा व्यक्त गरिएको छ । यस श्लोकमा जीवलाई अज्ञानबाट निवृत्त गराउने काम ब्रह्मज्ञानबाट हुन्छ भनिएको छ । कविले योगी र वेदको सन्दर्भ उल्लेख गर्नु नै मोक्ष र ब्रह्मसम्बन्धी चिन्तन नै हो । यसरी *ऋतुविचार* खण्डकाव्यमा अद्वैत वेदान्तसम्बन्धी चिन्तन प्रस्तुत गरेको स्पष्ट अनुभव गर्न सकिन्छ ।

## निष्कर्ष

मूलतः प्रकृतिपरक काव्यका रूपमा रहेको *ऋतुविचार* खण्डकाव्यमा अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित दृष्टिकोण प्रस्तुत भएको पाइन्छ। यस काव्यमा काव्यकारले विभिन्न प्रसङ्ग दिएर जीव र जगत्सम्बन्धी दृष्टिकोण प्रस्तुत गरेका छन् । जीवभावका कारण जगत्मा जीवहरू प्रभावित हुने र सोहीबमोजिम मूल्याङ्कन पनि हुने गरेको काव्यमा उल्लेख छ । मायाका कारण जीवले व्यावहारिक सत्तारूपी जगत्लाई नै वास्तविक ठान्दा जीवहरूका व्यवहार कसरी प्रभावित हुन्छन् ? त्यो दशैंमा विजयानन्द बनेको जीवको प्रसङ्गमार्फत स्पष्ट पारिएको छ। मायाका कारण दैहिक सौन्दर्यप्रतिको मोहले जीवलाई जीवनभर हैरान पार्दछ र जीवले वास्तवित तथ्य बुझ्न सक्दैन । यसले जीवलाई भ्रममा पारिदिन्छ र जीव क्षणिक आनन्दको पछि लाग्दछ । जीवले पारमार्थिक सत्यबोध गर्न नसक्दा क्षणिक आनन्दका पछि लागेर भ्रममा रुमल्लिन पुग्छ। जीवलाई यसरी सांसारिक विषयप्रति आकर्षित गराएर मायाले बन्धनमा पार्दछ। काव्यमा गर्मीमा दैहिक शीतलताका निम्ति जलक्रीडामा मग्न हुनु नै यसको दृष्टान्त दिएर स्पष्ट पारिएको छ । काव्यमा योगी र वेदबाट तत्त्वज्ञान प्राप्त गर्न सकिने कुरा उल्लेख गरिएको छ । योगी र वेदमा जुन आत्मज्ञान प्राप्त गर्न सकिन्छ त्यो आफैँमा शुद्ध र शरद ऋतुको कञ्चन पानीजस्तो हुन्छ भन्दै ब्रह्मज्ञानलाई अमृतमय ज्ञान भनेर चित्रण गरिएको छ। यसले अविद्या हटाएर परमानन्द प्रदान गर्दछ भन्ने अद्वैत चिन्तनलाई यस काव्यमा उल्लेख गरिएको छ ।

## सन्दर्भसूची

अन्जना (सन् २००६), *शङ्कर का अद्वैत दर्शन,* दिल्ली : परिमल पब्लिकेसन ।

*ईशादि नौ उपनिषद्* (२०७०), शाङ्करभाष्यार्थ (दशौँ संस्क.), गोरखपुर : गीताप्रेस ।

खनाल, नारायणप्रसाद (२०६०), *ऋतुविचार खण्डकाव्यको अलङ्कारशास्त्रीय अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, दाङ ।

गिरि, स्वामी रामानन्द (२०५५), *जनक दर्शन,* तिमल्सिना, रामहरि (अनु.), भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

गिरि, स्वामी रामानन्द (२०७३), *ईशादि दश उपनिषद्,* देवघाटधाम : महेश-संस्कृत-गुरुकुलम् ।

गोयन्दका, हरिकृष्णदास (अनु.) (२०५८), *वेदान्त दर्शन (ब्रह्मसूत्र),* गोरखपुर : गीताप्रेस ।

गौतम, गोपीकृष्ण (२०७६), *लेखनाथ पौड्यालका कवितामा वैदिक षड्दर्शन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, दाङ ।

त्रिपाठी, वासुदेव (२०३४), *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन,* काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र ।

दशोरा, नन्दलाल (अनु.) (सन् २०११), *हिन्दू धर्म के छ ? शास्त्र, षट्दर्शनम्,* हरिद्वार : रणधीर प्रकाशन ।

द्विवेदी, व्रजवल्लभ (सन् २००७), *भारतीय दर्शन* (दोस्रो संस्क.), वाराणसी : विश्वविद्यालय प्रकाशन ।

पौड्याल, लेखनाथ (२०४६), *ऋतुविचार* (नवौँ संस्क.), काठमाडौं : साझा प्रकाशन ।

प्रभुपाद, श्री श्रीमद् ए.सी. भक्ति वेदान्त स्वामी (सन् २०१६), *श्रीमद्भगवद्गीता यथारूप* (अनु.वादरायणदास), मुंबई : भक्तिवेदान्त बुक ट्रस्ट ।

भट्टराय, चूडानाथ (२०१७), *तरुण तपसी मीमांसा,* काठमाडौं : जगदम्बा प्रकाशन ।

राधाकृष्णन् सर्वपल्लि (सन् २०१२), *भारतीय दर्शन,* भाग-२, (शोभित, नन्दकिशोर, हिन्दी अनुवाद), दिल्ली : राजपाल एन्ड सन्ज ।

शर्मा, चन्द्रधर (सन् २०१०), *भारतीय दर्शन आलोचना और अनुशीलन* (द्वितीय संस्क.), दिल्ली : मोतीलाल बनारसीदास ।

शुक्ल, दीनानाथ (सन् १९९३), *भारतीय दर्शन परिभाषा कोश,* दिल्ली : प्रतिभा प्रकाशन ।

सक्सेना, प्रवेश (सन् २०१२), *भारतीय दर्शनों में क्या है ?* दिल्ली : हिन्दू लजी बुक्स ।

सहाय, शिवस्वरूप (सन् २०१४), *प्राचीन भारतीय धर्म एवं दर्शन,* (षष्ठ संस्क.) वाराणसी : मोतीलाल बनारसीदास ।

सांकृत्यायन, राहुल (सन् १९९२), *दर्शन दिग्दर्शन* (दोस्रो संस्क.), इलाहवाद : किताब महल ।

सिंह, केदारनाथ र सिंह, शशिभूषण (सन् २०१२), *भारतीय दर्शन,* नइदिल्ली : ज्ञानदा प्रकाशन ।

सिंह वी. एन. (सन् १९९६), *भारतीय दर्शन,* वाराणसी : स्टुडेन्टस फ्रेन्ड्स एन्ड कम्पनी ।

स्वामी श्रीहनुमानदासजी षट्शास्त्री, (सन् २००३), *ब्रह्मसूत्र शाङ्करभाष्यम्,* वाराणसी : चौखम्बा विद्या भवन ।